# अर्जुनचौपारी गाउँपालिका
Arjunchaupari Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
अर्जुनचौपारी, स्याङजा
Arjunchaupari, Syangja
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal


प.सं.(Reference No): ०८०।८१
च.नं.(Dispatch No):-

मिति:२०८०।०८।१४

## प्रेस विज्ञप्ती

आज मिति २०८०।०८।१४ यस अर्जुनचौपारी गाउँपालिकाको २४ औं कार्यपालिकाको बैठकबाट निर्णय भएका मुख्य मुख्य निर्णयहरु तपशिल बमोजिम रहेको अर्जुनचौपारी गाउँपालिकावासी सर्वसाधारणको जानकारीको लागि यो विज्ञप्ती प्रकाशित गरिएको छ।

**निर्णय नं. १**

अर्जुनचौपारी गाउँपालिकाको बेरुजु विगत आर्थिक बर्ष भन्दा कम रहेको साथै आगामी आर्थिक वर्षहरुमा बेरुजु कम गर्नको लागि जनप्रतिनिधि तथा कर्मचारीहरुले आ-आफ्नो ठाउँबाट सक्दो प्रयास गर्ने र बेरुजु सम्वन्धी आवश्यक तालिम एवं प्रशिक्षणको व्यवस्था मिलाउने।

**निर्णय नं. २**

स्थानीय तह क्षमता स्वमूल्याङ्कन LISA मा आर्थिक वर्ष ०७७/०७८ मा ५६ अङ्क प्राप्त भएकोमा आर्थिक वर्ष २०७९/०८० मा ७७.२५ अङ्क प्राप्त भई सुधार भएकोमा चालु आर्थिक वर्ष २०८०/०८१ मा सो भन्दा बढी अङ्क प्राप्त गर्नको लागि सम्पूर्ण विषयगत शाखाहरुलाई आवश्यक सहजीकरणको लागि निर्देशन दिने।

**निर्णय नं. ३**

आ.व. २०८०/०८१ को लागि १३ औं गाउँसभाबाट पारित भई बजेट विनियोजन भएका योजना/कार्यक्रम सञ्चालनको लागि प्रत्येक वडामा उपभोक्ता समितिहरुलाई योजना सञ्चालन सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।

**निर्णय नं. ४**

अर्जुनचौपारी गाउँपालिका भित्र दर्ता नगरी सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायहरुलाई अनिवार्य रुपमा गाउँपालिका वा सम्वन्धित निकायमा दर्ता गर्नको लागि आवश्यक पहल एवं व्यवस्था मिलाउने।

**निर्णय नं. ५**

अर्जुनचौपारी गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयहरुको शैक्षिक सुधार कार्यको लागि शिक्षकहरुको शिक्षण सीप परीक्षणको लागि विज्ञ टोली गठन गरी शिक्षण सीप परीक्षण गर्ने।

**निर्णय नं. ६**

अर्जुनचौपारी गाउँपालिकाको औद्योगिकग्राम भित्र ढुङ्गा कटिङ्ग उद्योग सञ्चालन गर्न प्रारम्भिक वातावरणीय परीक्षण IEE गर्ने।

**निर्णय नं. ७**

आर्थिक वर्ष २०८०/०८१ को बार्षिक विकास कार्यक्रम अनुसार विपन्न व्यक्ति स्वास्थ्य विमा कार्यक्रम यथासिघ्र सञ्चालन गर्ने र उक्त कार्यक्रम सञ्चालनको लागि एक जना वडा सदस्यलाई खटाउने।

**निर्णय नं. ८**

अर्जुनचौपारी गाउँपालिका भित्र निर्माण हुने भवनको नक्सा पास प्रयोजनका लागि अर्जुनचौपारी गाउँपालिकाको भवन निर्माण मापदण्ड निर्देशिका, २०८० स्वीकृत गरी कार्यान्वयन गर्ने।

धन बहादुर गुरुङ
प्रवक्ता

*" साझा प्रतिवद्धता साझा जिम्मेवारी हामी सवैको सपना समुन्नत अर्जुनचौपारी "*


9856053133 arjunchauparimun.gov.np arjunchaupari11@gmail.com


CamScanner